# लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण

# परीक्षण प्रतिवेदन

लैङ्गिक समानता, सामाजिक समावेशीकरण र सामाजिक न्यायका लागि समावेशी र दिगो विकासतर्फ

लैङ्गिक समानता | अपाङ्गता समावेशीकरण | सामाजिक समावेशीकरण | अर्थपूर्ण सहभागिता



कमलामाई नगरपालिका
सिन्धुली



| | |
|---|---|
| **दस्तावेजको नाम** | कमलामाई नगरपालिका, सिन्धुलीको लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन |
| **परामर्शदाता** | समग्र विकास तथा परामर्श सेवा केन्द्र लहान, सिरहा |
| **लैससास परीक्षण अवधि** | २०८१/०८२ |
| **परीक्षण मिति** | बैशाख, २०८३ |
| **कभर पेज डिजाईन** | कृतिम बौद्धिकताको सहयोगमा |

## नगर प्रमुख ज्यूको भनाइ



यस नगरपालिकाको विकास प्रक्रियामा सबै नगरवासीको सहभागिता अनिवार्य शर्त हो । यस सन्दर्भमा लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरणको अवस्था विश्लेषण आजको आवश्यकता मात्र नभई समावेशी, न्यायसंगत र दिगो विकासको आधारशिला हो । हाम्रो कमलामाई नगरपालिकाले सबै वर्ग, जाति, लिङ्ग, भूगोल र अवस्था अनुसारका नागरिकहरूको समान सहभागिता, पहुँच र अधिकार सुनिश्चित गर्ने उद्देश्यले विभिन्न नीतिगत तथा कार्यक्रमगत प्रयासहरू गर्दै आएको छ ।

यस लैंङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण परीक्षणले नगरपालिकाभित्र रहेका कार्यक्रम, सेवा र संरचनाहरूमा लैंङ्गिक तथा समावेशी दृष्टिकोणको अवस्थाको समीक्षा गर्न महत्वपूर्ण आधार प्रदान गरेको छ । प्रतिवेदनमा प्रस्तुत गरिएको मूल्याङ्कन र सुधारका सिफारिसहरूले आगामी दिनमा थप प्रभावकारी योजना निर्माण र कार्यान्वयन गर्न सहयोग पुग्ने विश्वास मैले लिएको छु ।

यस अवसरमा यस परीक्षणमा प्राविधिक सहयोग प्रदान गर्ने समग्र विकास तथा परामर्श सेवा केन्द्रका विषय विज्ञद्वय श्री देवराज पोखरेल र श्री दीपक कुमार श्रेष्ठप्रति आभार प्रकट गर्न चाहन्छु । यस कार्यमा सहयोग गर्नुहुने र कार्यशालामा उपस्थित हुनुहुने सम्पूर्ण जनप्रतिनिधिहरु र कर्मचारीहरुलाई यस कार्य सम्पन्न गर्नु भएकोमा धन्यवाद दिन चाहन्छु ।

साथै, यस नगरपालिकाले आगामी दिनमा यस प्रतिवेदनमा उल्लिखित सिफारिसहरू कार्यान्वयन गर्दै लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरणलाई अझ प्रभावकारी रूपमा संस्थागत गर्न प्रतिबद्ध रहदै आवश्यक समन्वय र सहकार्यका लागि सम्पूर्ण सहयोगी संस्थाहरूसंग आग्रह समेत गर्दछु ।

धन्यवाद ।



उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख



## नगर उपप्रमुख ज्यूको सन्देश

यस कमलामाई नगरपालिकाको तर्फबाट "लैंङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन" सार्वजनिक गर्ने यस महत्वपूर्ण अवसरमा केही शब्द व्यक्त गर्न पाउँदा मलाई अत्यन्तै खुशी लागेको छ। लैंङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण लोकतान्त्रिक शासन, समावेशी विकास तथा सामाजिक न्यायको आधारस्तम्भ हो। संविधानले प्रत्याभूत गरेका समानता, समावेशिता र अवसरको समान पहुँचलाई व्यवहारमा उतार्न स्थानीय सरकारको भूमिका अत्यन्तै महत्वपूर्ण हुन्छ। यस सन्दर्भमा कमलामाई नगरपालिकाले आफ्नो नीति, योजना, बजेट तथा सेवा प्रवाहमा समावेशीकरणका सिद्धान्तहरू कति समेटिएका छन् भन्ने विषयमा आत्ममूल्यांकन गर्ने उद्देश्यले यो परीक्षण सम्पन्न गरिएको हो। यस परीक्षण प्रतिवेदनले नगरपालिकाको वर्तमान अवस्थालाई यथार्थपरक ढंङ्गले प्रस्तुत गर्नुका साथै महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, बालबालिका तथा अन्य पछाडि पारिएका समुदायको सहभागिता, पहुँच र प्रतिनिधित्वको अवस्था स्पष्ट रूपमा उजागर गरेको छ। यसले हाम्रो सबल पक्ष पहिचान गर्नुका साथै सुधार गर्नुपर्ने क्षेत्रहरू पनि देखाएको छ, जुन आगामी नीति तथा कार्यक्रम निर्माणका लागि महत्वपूर्ण मार्गदर्शन हुनेछ।

यस परीक्षण प्रतिवेदन तयार पार्ने क्रममा सक्रिय भूमिका निर्वाह गर्नुहुने प्राविधिक टोली, नगरपालिकाका कर्मचारीहरू, सहयोगी संस्था, विकास साझेदार तथा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा योगदान दिनुहुने सबै महानुभावहरूलाई कमलामाई नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद।



मन्जु देवकोटा
नगर उपप्रमुख
कमलामाई नगरपालिका, सिन्धुली

## भनाई



संघीय संरचना अनुसार नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले समावेशी र न्यायपूर्ण समाजको परिकल्पना गरेको छ । यसै सन्दर्भमा यो प्रतिवेदनले हाम्रो नगरपालिकाले लैंङ्गिक समानता, महिला सशक्तिकरण, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, मुस्लिम, पिछडिएका वर्ग तथा अन्य सीमान्तीकृत समुदायको अधिकार र सहभागिता सुनिश्चित गर्ने दिशामा गरेका प्रयासहरूको समीक्षा गरेको छ ।

प्रतिवेदनमा औंल्याइएका सुधारका क्षेत्रहरू र सिफारिसहरूलाई म गम्भीरतापूर्वक लिन्छु । कमलामाई नगरपालिका प्रशासनको तर्फबाट नगरपालिकाका सबै नीति, कानून, योजना र कार्यक्रमहरूमा समावेशीको विषयलाई मूलप्रवाहीकरण गर्ने, कर्मचारीहरूलाई लैंङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी तालिम र अभिमुखीकरण कार्यक्रम नियमित सञ्चालन गर्ने, लैंङ्गिक उत्तरदायी बजेट विनियोजन सुनिश्चित गर्दै सीमान्तीकृत समुदायका लागि विशेष कार्यक्रमहरू सञ्चालन गर्ने, निर्णय प्रक्रियामा महिला, दलित, जनजाति र अन्य पिछडिएका वर्गको सार्थक सहभागिता सुनिश्चित गर्ने, अनुगमन तथा मूल्यांकनमा लैंङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी सूचक र प्रगति नियमित रूपमा अनुगमन गर्ने प्रणाली विकास गरिने प्रतिबद्धता व्यक्त गर्दछु ।

यस परीक्षण कार्यमा संलग्न हुनुहुने र प्रतिवेदन तयारीमा संलग्न सबै सरोकारवाला निकाय, परामर्शदाता टोली र सम्बन्धित व्यक्तिहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु र हामी सबै मिलेर समतामूलक र समावेशी कमलामाई नगरपालिकाको निर्माण गर्न प्रतिबद्ध छौं ।

धन्यवाद ।

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

# आभार



कमलामाई नगरपालिकाले समतामूलक, समावेशी तथा न्यायपूर्ण समाज निर्माण गर्ने आफ्नो प्रतिबद्धताअनुसार लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (GEDSI) लाई स्थानीय शासन र विकास प्रक्रियाको अभिन्न अङ्गको रूपमा आत्मसात गर्दै आएको छ। यसै सन्दर्भमा नगरपालिकाको वर्तमान अवस्था, उपलब्धि, चुनौती तथा सुधारका क्षेत्रहरूको पहिचान गर्ने उद्देश्यले सम्पन्न गरिएको **लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण (GEDSI Audit)** को प्रतिवेदन सार्वजनिक गर्न पाउँदा हामीलाई खुशी लागेको छ।

यस परीक्षणले महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, जनजाति, अल्पसंख्यक तथा अन्य सीमान्तकृत समुदायहरूको पहुँच, सहभागिता र लाभ सुनिश्चित गर्न नगरपालिकाले गरेका प्रयासहरूको वस्तुगत मूल्याङ्कन गरेको छ।

प्रतिवेदनमा उल्लेख गरिएका सुझाव तथा सिफारिसहरूलाई कार्यान्वयन गर्दै नगरपालिकालाई अझ बढी उत्तरदायी, समावेशी र लैङ्गिकमैत्री बनाउने दिशामा महिला विकास शाखा पूर्ण रूपमा प्रतिबद्ध रहेको व्यहोरा व्यक्त गर्दछु। यस कार्यमा सहयोग पुर्‍याउने जनप्रतिनिधि, कर्मचारी, विकास साझेदार संस्था, सरोकारवाला निकाय तथा समुदायका सम्पूर्ण सदस्यहरूलाई हार्दिक धन्यवाद सहित आभार व्यक्त गर्दछु।

अन्त्यमा, यस प्रतिवेदनले नगरपालिकामा लैङ्गिक समानता, अपाङ्गता अधिकार तथा सामाजिक समावेशीकरणको प्रवर्द्धनमा थप ऊर्जा र मार्गदर्शन प्रदान गर्ने विश्वास व्यक्त गर्दछु।

धन्यवाद।

इन्दिरा थापा
शाखा प्रमुख
महिला बालबालिका तथा समाज कल्याण शाखा

# विषय सूची


खण्ड : एक ........ १

परिचय ........ १

१. पृष्ठभूमी ........ १

२. अध्ययनको महत्व ........ ३

३. उद्देश्य ........ ४

४. लैससास परीक्षणले समेट्ने क्षेत्रहरू ........ ४

५. लैससास परीक्षणको विधि र तरीका ........ ५

६. लैससास परीक्षणका सहभागी ........ १०

खण्ड : दुई ........ ११

तथ्यांक प्रस्तुतीकरण ........ ११

७. तथ्यांक प्रस्तुतीकरण र व्याख्या ........ ११

खण्ड : ३ ........ १६

विश्लेषण ........ १६

८. लैससास परीक्षणको विश्लेषणका औजारहरू ........ १६

९. तथ्यांकको तुलनात्मक अध्ययन तथा विश्लेषण ........ १६

१०. मूख्य उपलब्धी ........ १७

१०.१ परीक्षण पश्चात प्रमुख सूचकहरूले प्राप्त गरेको अंकहरूको लेखाजोखा ........ १८

१०.२ लैससास परीक्षणको नतिजाको माकुरे जालो ........ १९

११. कमलामाई नगरपालिकामा लैंक समानता, अपांगता र सामाजिक समावेशीकरणका सवल पक्ष र सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौतीहरू ........ २२

१२. लैससासको कार्ययोजना ........ २९

१३. निष्कर्ष ........ ३५

१४. सुझावहरू ........ ३५

अनुसूचीहरू ........ ३७

अनुसूची : १ ........ ३७

अंकतालिका ........ ३७

अनुसूची : २ ........ ३८

लैससास कार्यान्वियन समितिको विवरण ........ ३८

अनुसूची : ३ ........ ४१

लैससासको कार्यदलको विवरण ........ ४१

अनुसूची : ४ ........ ४२

*लैससास परीक्षणमा सहभागीहरूको विवरण* ........ ४२
*अनुसूची : ५* ........ ४४
*सूचकगत प्राप्तांक विवरण* ........ ४४
*अनुसूची : ६* ........ ५४
*लैससास परीक्षणका झलकहरू* ........ ५४

*तालिका नं. १ : सूचक र उपसूचकहरूको अंकभार विवरण* ........ ४
*तालिका नं. २ : नगरपालिकामा रहेका मूख्य १० जातजातिहरूको विवरण* ........ ६
*तालिका नं. ३ : नगरपालिकामा रहेका अपांगता बालबालिकाहरूको संख्यागत विवरण* ........ ८
*तालिका नं ४ : नीति, कानुन र योजनामा प्राप्तांक विवरण* ........ ११
*तालिका नं ५ : संस्थागत व्यवस्थापनमा प्राप्तांक विवरण* ........ १२
*तालिका नं ६ : मानव संसाधन तथा क्षमता विकासमा प्राप्तांक विवरण* ........ १२
*तालिका नं ७ : सेवा प्रवाहमा प्राप्तांक विवरण* ........ १३
*तालिका नं ८ : सुशासन तथा उत्तरदायित्वमा प्राप्तांक विवरण* ........ १३
*तालिका नं ९ : प्रमुख सूचकहरूले प्राप्त गरेको अंकहरूको विवरण* ........ १८

***खण्ड : एक***

## ***परिचय***

### १. पृष्ठभूमी

संघीय संरचना अनुसार नेपालको संविधान २०७२ ले समानता, सामाजिक न्याय र समावेशीकरणलाई राज्यका मूल दायित्वका रूपमा सुनिश्चित गरेको छ। संविधानसँगै स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय लैङ्गिक समानता नीति, समावेशी विकाससम्बन्धी विभिन्न रणनीति तथा दिगो विकास लक्ष्यहरू (SDGs) ले विकास प्रक्रियामा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, विशेष क्षमता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बालबालिका तथा अन्य पछाडि परेका वर्ग तथा समुदायहरूको अर्थपूर्ण सहभागिता, समान पहुँच र लाभ सुनिश्चित गर्न स्थानीय सरकारको भूमिकालाई महत्वपूर्ण मानेका छन्।

स्थानीय सरकार सञ्चालन ऐनमा पनि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) लाई जोड दिएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा उल्लेख गरिए बमोजिम गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत विभिन्न बुँदाहरूहरूले जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरू सहित सुकुम्बासी व्यवस्थापन गर्न लक्षित समूह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन, सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्याङ्क र सूचना व्यवस्थापन र गरिव घरपरिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन गर्ने कुराहरू उल्लेख गरिएको छ। त्यस्तै उक्त ऐनको दफा १२ मा उल्लेख गरिए बमोजिम वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत स्थानीय तहको योजना तर्जुमा गर्दा सहभागितामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी महिला, अपाङ्गता तथा पिछडिएको वर्गको सहभागितामा जोड, योजना बनाउँदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिदै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) प्रवर्द्धन गर्ने व्यवस्थालाई जोड दिएको छ। त्यस्तै वडाभित्रका विकास कार्यहरू कार्यान्वयन गर्दा उक्त वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका वा पारिएका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको अभिलेख राखि सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने कुरालाई समेत स्पष्ट रुपमा औल्याईएको छ। नेपाल सरकारले मन्त्रालय तहमा पनि लैङ्गिक तथा सामाजिक समावेशीकरण नीतिहरुलाई कार्यान्वयन तहमा ल्याउनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका "लैङ्गिक समानता तथा सामाजिक समावेशीता स्थानीयकरण रणनीति, २०७५", स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको "स्वास्थ्य क्षेत्रको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०६६", महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको "राष्ट्रिय लैङ्गिक समानता नीति, २०७४", शहरी विकास मन्त्रालयको "लैङ्गिक समानता तथा सामाजिक समावेशी मार्गदर्शन, २०७०" सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन २०७८" जस्ता लैससास नीति तथा मार्गदर्शन र दिग्दर्शन तयार गरिएको छ।

बागमती प्रदेशमा अवस्थित कमलामाई नगरपालिका सामाजिक, सांस्कृतिक तथा आर्थिक विविधतायुक्त स्थानीय तह हो । यस नगरपालिकामा विभिन्न जाति, समुदाय, भाषा र संस्कृतिका मानिसहरूको बसोबास रहेको छ । यस नगरपालिकाले ***"स्वच्छ, सफा र समृद्ध शहर, हिमाल र तराईको मिलनविन्दु कमलामाई नगर"*** को मूल सोचको साथ संघीय व्यवस्थाको एक सवल स्थानीय सरकारको रूपमा स्थापित हुन लागि परेको छ। यद्यपि, ऐतिहासिक रूपमा विद्यमान लैंङ्गिक असमानता, सामाजिक विभेद, गरिबी, सीमित पहुँच र सूचनाको अभावका कारण केही वर्ग तथा समुदायहरू अझै पनि विकासका अवसर, सेवा प्रवाह र निर्णय प्रक्रियाबाट अपेक्षित रूपमा लाभान्वित हुन सकेका छैनन् । विशेषगरी महिला, दलित, अपाङ्गता भएका व्यक्ति, सुकुम्बासी तथा आर्थिक रूपमा पछाडि परेका परिवारहरू विभिन्न संरचनात्मक अवरोधको सामना गरिरहेका छन् ।

नेपालको प्रसिद्ध कमला नदीको उद्गमस्थलमा रहेको कमलामाई देवीको नामलाई समाविष्ट गरी वि.सं. २०५३ मा तत्कालीन सिद्देश्वर र भिमान गा.वि.स. लाई समायोजन गरी घोषित कमलामाई नगरपालिका रोमन, सिन्धु, पर्सियन सभ्यता जस्तै मानव विकास क्रममा सिन्धुलीवासीको मौलिक परम्परा, सांस्कृतिक, सामाजिक संरचनालाई जगेर्ना गर्दै एउटा शहरी वातावरणलाई अत्यावश्यकिय सबै खाले पुर्वाधारहरुको जोडजाम, वन्दोवस्ती सहित परिवर्तनको संवाहक भई सङ्घीय नेपालको पुनःसंरचनामा साविक कमलामाई नगरपालिका, डाढी गुराँसे, भद्रकाली, जलकन्या, रानीचुरी, रानीवास गा.वि.स.हरु समाहित भई पुन कमलामाई नगरपालिकाको रुपमा प्रतिस्थापित छ । १४ वडाहरू रहेको यस नगरपालिका ४८२.५७ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको र चुरे तराईको प्रचण्ड गर्मी देखी महाभारतको उच्च श्रृङ्खलासम्म विस्तारित भएको छ ।

कमलामाई नगरपालिकाले आफ्नो नीति, योजना, बजेट, कार्यक्रम कार्यान्वयन, सेवा प्रवाह, संस्थागत संरचना तथा अनुगमन-मूल्यांकन प्रणालीमा लैंङ्गिक समानता, अपाङ्ता तथा सामाजिक समावेशीकरणको अवस्थालाई वस्तुगत रूपमा मूल्याङ्कन गर्नु आवश्यक देखिएको छ । लैंङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण परीक्षण (GEDSI Audit) ले नगरपालिकाका संरचना, प्रक्रिया र अभ्यासहरू कत्तिको समावेशी छन्, कसरी कार्यान्वयन भइरहेका छन् र कहाँ सुधार आवश्यक छ भन्ने विषयमा स्पष्ट तस्वीर प्रदान गर्दछ ।

यस लैससास परीक्षण प्रतिवेदनको उद्देश्य कमलामाई नगरपालिकामा लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरणको वर्तमान अवस्था विश्लेषण गर्नु, नीति तथा अभ्यासबीचको अन्तर पहिचान गर्नु, सबल पक्ष र कमजोरीहरू उजागर गर्नु तथा भविष्यमा नगरपालिकाका योजना, कार्यक्रम र सेवा प्रवाहलाई अझ समावेशी, उत्तरदायी र न्यायोचित बनाउन आवश्यक सुधारका क्षेत्र र सिफारिसहरू प्रस्तुत गर्नु हो । यस प्रतिवेदनबाट प्राप्त निष्कर्ष तथा सिफारिसहरू कमलामाई नगरपालिकाको संस्थागत सुदृढीकरण, समावेशी शासन प्रवर्द्धन तथा दिगो स्थानीय विकासमा मार्गदर्शनका रूपमा प्रयोग हुने अपेक्षा गरिएको छ ।




| हालको वडा | साविक गाविस | साविक वडा |
|---|---|---|
| १ | डाँडीगुरांसे | १-९ |
| २ | भद्रकाली | १-९ |
| ३ | जलकन्या | १-९ |
| ४ | कमलामाई | १,२,५,९ |
| ५ | कमलामाई | ४ |
| ६ | कमलामाई | ६ |
| ७ | कमलामाई | ७,८ |
| ८ | कमलामाई | ३,१० |
| ९ | कमलामाई | ११,१२,१४ |
| १० | कमलामाई | १३,१५-१८ |
| ११ | रानीचुरी | १-३,५ |
| १२ | रानीचुरी | ४,६-९ |
| १३ | रानीबास | १-३,८,९ |
| १४ | रानीबास | ४-७ |

## २. अध्ययनको महत्व

यस लैससास परीक्षणले नेपाल सरकारले सम्झौता गरेका विभिन्न अभिसन्धिहरु, तयार गरेका नीति तथा कार्यक्रहरु, दिगो विकास लक्ष्यका लक्ष्यहरु प्राप्तिमा सहयोग गर्नुका साथै परीक्षणपछि सहभागितामूलक प्रक्रियाले महिला, आदिवासी जनजाति, अपाङ्गता र अन्य लक्षित वर्गको सशक्तिकरण गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यलाई प्रवर्द्धन गर्न सहयोग गर्दछ । यस कार्यले विकास प्रकृयामा काम गर्दा, विकास कार्यक्रम तय गर्दा, साधन र स्रोतको वाँडफाँड र परिचालनलाई लैङ्गिक उत्तरदायी र सामाजिक समावेशी वनाउन र लैङ्गिक तथा सामाजिक समावेशी रुपमा संस्थालाई सन्तुलित वनाउन सहयोग गर्दछ ।

लैससास परीक्षणबाट नगरपालिकाको नीति, योजना, कार्यक्रमहरु लैससास आधारमा सम्वेदनशील छ छैन परीक्षण गरिने भएकोले परीक्षणबाट नगरपालिकाले सुधार गर्नुपर्ने क्षेत्रहरुको पहिचान भई सोहि अनुसार योजना तथा बजेट तर्जुमाका लागि सहयोग गर्दछ ।

यस लैससास परीक्षण कार्यले महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पछाडि पारिएको ⁄ परेको वर्ग, अल्पसंख्यक, सीमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय आदिलाई शिक्षा, स्वास्थ्य सेवा पहुँच, रोजगारी सिर्जना गर्ने क्षेत्रमा ज्यादै कम लगानी गर्ने प्रवृतिमा सुधार गरी राज्यका संरचनाहरूमा सकारात्मक विभेदका नीतिहरूलाई प्रभावकारी रुपमा लागू गर्नका लागि कार्यान्वयन पक्षमा गर्नुपर्ने क्षेत्रहरु पहिचान गर्न कमलामाई नगरपालिकालाई सहयोग गर्नेछ ।

## ३. उद्देश्य

यस लैससास परीक्षणको मुख्य उद्देश्य कमलामाई नगरपालिकाले गर्ने सम्पूर्ण क्रियाकलापहरु र विकास योजना तथा कार्यक्रमलाई लैससासमय बनाउनु र नगरपालिकाले तयार गरेका योजना, कार्यक्रम र क्रियाकलापहरुमा स्रोतको सुनिश्चिता र उपलब्धीको समतामूलक वितरण गर्नु रहेको छ। साथै लैससास परीक्षणको निर्दिष्ट उद्देश्यहरु निम्न रहेका छन् :

- लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण परीक्षण मार्फत नगरपालिकाको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला, लक्षित वर्ग र सिमान्तकृत समूहहरुलाई समावेश गरी लैङ्गिक समानता र सबै जातिको अर्थपूर्ण सहभागिता अभिवृद्धि गराउने।
- महिला, लक्षित वर्ग र सिमान्तकृत समूहहरुलाई समावेश गरि ती समूहहरुको क्षमता अभिवृद्धि गर्ने।
- लक्षित वर्गलाई स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने।
- स्थानीय तहको सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन र मूल्याङ्कन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने।
- लैससास परीक्षणको नतिजाको आधारमा समस्या तथा चुनौतिहरुको पहिचान गरी समयमै समाधान गर्ने तथा भावि योजना तथा कार्यक्रमका लागि नीतिगत पृष्ठपोषण लिने।

## ४. लैससास परीक्षणले समेट्ने क्षेत्रहरू

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरी कार्यान्वयनमा रहेको स्थानीय तहका लागि लैंङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन, २०७८ अनुसार मुख्यतयः ५ वटा प्रमुख विषयलाई समेटेको छ। उक्त पाँचवटा विषयवस्तुको २२ वटा उपशीर्षकहरु रहेका छन्। उपशीर्षकहरुका १०० वटा सूचकहरु रहेका छन्। जसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ।

*तालिका नं. १ : सूचक र उपसूचकहरूको अंकभार विवरण*

| मूल विषय (सूचक) | सहायक विषय (उपसूचकहरु) |
|---|---|
| नीति, कानुन, योजना (कूल अंकभार (२०) | ψ नीति र कानूनमा समावेशिता/सहभागिता (कूल अंकभार (८)<br>ψ योजना तर्जुमा तथा कार्यान्वयन (कूल अंकभार (८)<br>ψ बजेट तर्जुमा तथा कार्यान्वयन (कूल अंकभार (४) |
| संस्थागत व्यवस्था (कूल अंकभार (२०) | ψ कर्मचारी पदाधिकारी प्रतिनिधित्व (कूल अंकभार (४)<br>ψ कार्यप्रणाली समावेशी (कूल अंकभार (४)<br>ψ समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व (कूल अंकभार (४) |

| | |
|---|---|
| | ☞ वित्त व्यवस्थापन प्रणालीमा समावेशिता (कूल अंकभार (४)<br>☞ तथ्याङ्क संकलन तथा व्यवस्थापन (कूल अंकभार (४) |
| मानव संसाधन तथा क्षमता विकास (कूल अंकभार (२०) | ☞ मानव संसाधन तथा क्षमता विकास (कूल अंकभार (८)<br>☞ अनौपचारिक मुल्य, मान्यता र कुसंस्कार विरुद्ध जनचेतना (कूल अंकभार (४)<br>☞ कानुनी साक्षरता (कूल अंकभार (४)<br>☞ विपद् व्यवस्थापनमा समावेशिता (कूल अंकभार (४) |
| सेवा प्रवाह (कूल अंकभार (२०) | ☞ पूर्वाधार विकास (कूल अंकभार (४)<br>☞ प्रजनन् स्वास्थ्य (कूल अंकभार (४)<br>☞ शिक्षा कार्यक्रम (कूल अंकभार (४)<br>☞ खानेपानी तथा सरसफाई (कूल अंकभार (४)<br>☞ स्वरोजगार तथा आयआर्जन र बजार व्यवस्थापन (कूल अंकभार (४) |
| सुशासन र उत्तरदायित्व (कूल अंकभार (२०) | ☞ सुशासन (कूल अंकभार (४)<br>☞ उत्तरदायित्व र जवाफदेहिता (कूल अंकभार (४)<br>☞ सुचना तथा संचार (कूल अंकभार (४)<br>☞ अनुगमन तथा मूल्याङ्कन (कूल अंकभार (४)<br>☞ समन्वय र सम्बन्ध विस्तार (कूल अंकभार (४) |

## ५. लैससास परीक्षणको विधि र तरीका

संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहका लागि लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन, २०७८ मा उल्लेख गरिए अनुसार लैङ्गिक परीक्षणका विधि र तरीकाहरु अपनाईएको थियो । यि विधिहरुमा सहभागितात्मक प्रक्रियालाई बढी जोड दिईएको थियो । सकेसम्म सबै पक्षहरुसँग छलफल गरी लैससास परीक्षण गर्दा वास्तविकता चित्रण होस् भन्ने कुरालाई विशेष जोड दिईएको थियो । लैससास परीक्षण गर्दा निम्न अनुसारको विधिहरु अपनाईएको थियो :

### अभिलेख अध्ययन

प्रतिवेदन तयारीको क्रममा यस कमलामाई नगरपालिकाको जनसंख्या, जातजाति र स्थानीय तहको संस्थागत क्षमता स्वमूल्यांकन (लिसा) को प्रतिवेदन लगायतका विवरणहरुको अध्ययन र विश्लेषण गरिएको थियो। यस नगरपालिकाको कूल परिवार संख्या १८,१३५ र कूल जनसंख्या ७१,०१६ रहेको छ जसमा महिलाको जनसंख्या ३६,७०० रहेको छ भने

पुरूषको जनसंख्या ३४,३१६ रहेको छ। पुरूषको तुलनामा महिलाको जनसंख्या ३.३७ प्रतिशतले बढी रहेको छ र महिला र पुरूषको जनसंख्या प्रतिशत तलको चित्रमा देखाईएको छ।

**चित्र नं. १ : महिला र पुरूषको जनसंख्या प्रतिशत**




यस नगरपालिकामा विभिन्न जातजातिहरुको वसोवास रहेका छन्। राष्ट्रिय जनगणना २०७८ अनुसार सबैभन्दाबढी तामाङ्ग जातिको बसोवास रहेको र दोश्रोमा क्षेत्री जाति रहेका छन्। मूख्य १० जातजातिहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

***तालिका नं. २ : नगरपालिकामा रहेका मूख्य १० जातजातिहरूको विवरण***

| क्रसं | जातजाति | पुरूष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | तामाङ्ग | ७७५६ | ८४२३ | १६१७९ |
| २ | क्षेत्री | ६७२१ | ७३२७ | १४०४८ |
| ३ | मगर | ३८३० | ४२९४ | ८१२४ |
| ४ | नेवार | ३३६२ | ३५१४ | ६८७६ |
| ५ | पहाडी ब्राह्मण | ३०४५ | ३२०७ | ६२५२ |
| ६ | विश्वकर्मा | १७९३ | १८९९ | ३६९२ |
| ७ | मिजार | १३८४ | १४३२ | २८१६ |
| ८ | माझी | ११८० | १२३० | २४१० |
| ९ | परियार | ११०४ | १२४३ | २३४७ |
| १० | अन्य | ४१४१ | ४१३१ | ८२७२ |
| **जम्मा** | | **३४,३१६** | **३६,७००** | **७१,०१६** |

स्रोत : राष्ट्रिय जनगणना, २०७८

जातजाति अनुसारको जनसंख्या प्रतिशत तलको चार्टमा प्रस्तुत गरिएको छ।

**चित्र नं. २ : जातजातिको विवरण (प्रतिशतमा)**




यसैगरी यस नगरपालिकाका कूल जनसंख्या मध्ये ६५ प्रतिशतभन्दा बढीले नेपाली भाषा बोल्दछन् भने दोश्रो बोलिने भाषामा तामाङ्ग भाषा रहेको छ। भाषागत हिसावमा पनि यस नगरपालिकामा विविधता रहेको पाउँछौं। भाषागत जनसंख्या र प्रतिशतलाई तलको चित्रमा राखिएको छ।

**चित्र नं. ३ : नगरपालिकामा बोलिने भाषा अनुसारको जनसंख्या विवरण (प्रतिशतमा)**




स्रोत : राष्ट्रिय जनगणना, २०७८

*तालिका नं. ३ : नगरपालिकामा रहेका अपांगता बालबालिकाहरूको संख्यागत विवरण*

| अपाङ्गताको प्रकार | बालबालिकाको सङ्ख्या | अपाङ्गताको प्रकार | बालबालिकाको सङ्ख्या |
|---|---|---|---|
| शारीरिक | ६५ | बोलीमा अपाङ्गता | १३ |
| कम दृष्टि भएका व्यक्तिहरू | १४ | मनोसामाजिक अपाङ्गता | ५ |
| दृष्टिविहीन | २४ | बौद्धिक अपाङ्गता | ७ |
| बहिरा | १८ | हेमोफिलिया | २ |
| श्रवणशक्ति कमजोर | ११ | अटिजम | १ |
| बहिरा र दृष्टिविहीन | २ | बहु अपाङ्गता | ३० |

स्रोत : राष्ट्रिय जनगणना, २०७८

यसैगरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रत्येक बर्ष अनिवार्य रुपमा सबै स्थानीय तहहरुले आफ्नो कार्यसम्पादनको आधारमा स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (लिसा) गर्नुपर्ने व्यवस्था गरेको छ । यस स्वमूल्यांकन अन्तर्गत यस कमलामाई नगरपालिकाले निरन्तर गर्दै आएको छ। आर्थिक वर्ष २०७९/०८० मा ८१.५ अंक प्राप्त गरेको छ।

विभिन्न १० वटा विषयक्षेत्रमा आधारित भई गरिने स्वमूल्यांकनमा सामाजिक समावेशीकरण विषयक्षेत्रको कूल अंकभार १० मा ९.७५ अंक ल्याउन सफल भएको छ। विषयक्षेत्रगत प्राप्ताङ्क विवरणलाई तलको चार्टमा देखाईएको छ।

**चित्र नं. ४ : नगरपालिकाले विषय क्षेत्रगत लिसामा प्राप्त अंकको विवरण**




राष्ट्रिय जनगणना २०७८ अनुसार यस कमलामाई नगरपालिकाको कूल साक्षरता प्रतिशत ७७.८ रहेको र यसमा पुरुषको साक्षरता प्रतिशत ८५.२ रहेको छ भने महिलाको साक्षरता प्रतिशत निक्कै कम ७१ प्रतिशत रहेको छ । पुरुष भन्दा महिलाको जनसंख्या बढी रहेकोमा यस तथ्यांकले पनि समावेशी विकासलाई जोड दिनुपर्ने र यससम्वन्धी परीक्षण गर्न आवश्यकता महसुस गराएको छ । यसैगरी यस नगरपालिकामा कूल जनसंख्याको २.३ प्रतिशत अपांगतको अवस्था रहेको छ ।

यस प्रतिवेदन तयारीको क्रममा कमलामाई नगरपालिकाले तय गरेका विभिन्न ऐन, कार्यविधि, नीति, निर्देशिका, दिग्दर्शन, वार्षिक योजना कार्यक्रम बजेटमा लैङ्गिक समानता तथा समावेशीकरणका विषयहरु के कति उल्लेख गरिएको छ, त्यसको कार्यान्वयन पक्ष, उपलब्धीको मापन, अनुगमन प्रक्रिया र पृष्ठपोषणको कार्यान्वयन पक्षलाई समेत अध्ययन गर्दा समेटिएको छ । विशेष गरेर गत आर्थिक वर्षको बजेट नीति, कार्यक्रम र बजेट विनियोजनको अवस्था लगायत अन्य सम्वन्धित कानुनी दस्तावेजहरुको अध्ययन गरिएको थियो ।

**मुख्य जानकारसंग अन्तरवार्ता**

तयार गरिएको चेकलिष्टको आधारमा नगरपालिकामा रहेका महिला बालबालिका तथा समाज कल्याण शाखा लगायत नगरपालिकाका पदाधिकारीहरूसंग लैससासको अवस्थाको बिषयमा छलफल गरिएको थियो । छलफलको क्रममा आवश्यकता अनुसार प्रमाणहरुको अध्ययन गर्ने कार्य पनि भएको थियो ।

### अवलोकन

यस विधिमा विशेषगरी भौतिक पूर्वाधारहरु अपांगमैत्री, बालमैत्री भए नभएको, सार्वजनिक भवनहरुमा नगरपालिकाको आफ्नै भवनहरुमा स्तनपान कक्षहरु र शौचालयहरुको अवलोकन गरिएको थियो । कानुनी व्यवस्था अनुसार नै लैससास परीक्षणका तरिकाहरु अपनाईएको थियो । जुन निम्न अनुसार रहको थियोः

### तयारी चरण

नगरपालिकामा समन्वय गरि लैससास परीक्षण पूर्व यस अगाडि बनेको लैससास कार्यान्वयन समितिको पुनर्गठन गरिएको थियो । नगरपालिकाका प्रमुखको संयोजकत्वमा बसेको बैठकले कार्यान्वयन समितिको पुनर्गठन र कार्यदलको गठन गरेको थियो । कार्यदलले लैससासको परीक्षणको सम्पूर्ण व्यवस्थापन पक्षको जिम्मेवारी निर्वाह गरेको थियो । कार्यान्वयन समिति र कार्यदलको विवरण अनुसूची ३ मा समावेश गरिएको छ ।

### कार्यान्वयन चरण

नगरपालिकाका जनप्रतिनिधि र विभिन्न शाखा प्रमुखहरुको सहभागितामा कार्यशाला सञ्चालन गरी सबैको सहभागिता र खुला छलफलबाट परीक्षणको कार्य र तय गरिएका सूचकहरुमा अंक प्रदान गरी सम्पन्न गरिएको थियो । विसं २०८३ साल बैशाख २८ गते शाखागत छलफल र बैशाख २९ गते कार्यशाला मार्फत लैंङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण परीक्षण सम्पन्न गरिएको थियो । साथै नगरपालिकाको सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतिको विश्लेषण गरि आगामी बर्षका लागि कार्ययोजना समेत तयार गरिएको थियो ।

### प्रतिवेदन चरण

यस चरणमा सूचकमा प्राप्त भएका अंक र समूह छलफलबाट आएका विषयवस्तु र नगरपालिकाको प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतबाट प्राप्त सुझावहरुलाई समेत समेटेर प्रतिवेदन तयारी गर्ने कार्य सम्पन्न गरिएको थियो ।

## ६. लैससास परीक्षणका सहभागी

लैससास परीक्षणमा कुल ३६ जनाको सहभागी रहेको थियो । जसमा महिला १४ जना र पुरुष २२ जनाको सहभागिता रहेको थियो । नगरपालिकाका जनप्रतिनिधि, विषयगत शाखाका प्रमुख तथा प्रतिनिधिहरुको सहभागिता रहेको थियो । सहभागीहरुको विवरण अनुसूची ४ मा समावेश गरिएको छ ।

## *खण्ड : दुई*

## *तथ्यांक प्रस्तुतीकरण*

यस खण्डमा लैससास परीक्षणका पाँच वटा मुख्य क्षेत्र र त्यसको २२ वटा उपशीर्षकहरुमा यस नगरपालिकाले प्राप्त गरेको अंकभार स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ । यसरी प्रस्तुती गर्दा २२ वटा उपशीर्षकमा रहेका सूचकहरुको समग्रतालाई लिएको छ ।

## ७. तथ्यांक प्रस्तुतीकरण र व्याख्या

### नीति, कानुन र योजना

नीति, कानुन, योजना मुख्य शीर्षकमा ३ वटा उपशीर्षकहरु रहेका छन् । पहिलो उपशीर्षकमा रहेको नीति र कानुनमा समावेशिता र सहभागितामा कुल ८ अंक रहेकोमा ५ अंक प्राप्त गरेको छ, त्यस्तै योजना तर्जुमा तथा कार्यान्वयनमा कुल ८ अंक रहेकोमा ४ अंक प्राप्त गरेको छ । बजेट तर्जुमा तथा कार्यान्वयनमा कुल ४ अंक रहेकोमा २.५ अंक प्राप्त गरेको छ । यस मुख्य विषय रहेका नीति, कानुन र योजना अन्तर्गत कुल २० अंकभारमा ११.५ अंक प्राप्त गरेको छ ।

*तालिका नं ४ : नीति, कानुन र योजनामा प्राप्तांक विवरण*

| मुख्य शीर्षक | उप शीर्षक | पूर्णांक | प्राप्त अंक |
|---|---|---|---|
| नीति, कानुन र योजना | १. नीति र कानुनमा समावेशिता, सहभागिता | ८ | ५ |
| | २. योजना तर्जुमा तथा कार्यान्वयन | ८ | ४ |
| | ३. बजेट तर्जुमा तथा कार्यान्वयन | ४ | २.५ |
| | **जम्मा** | **२०** | **११.५** |

### संस्थागत व्यवस्थापन

संस्थागत व्यवस्थापनमा कुल ५ वटा उपशीर्षकहरु रहेका छन् र प्रत्येकको अंकभार ४ रहेको छ । यसमा उपशीर्षकको रुपमा रहेको कर्मचारी पदाधिकारी प्रतिनिधित्वमा २ अंक प्राप्त गरेको छ भने कार्य प्रणाली समावेशीमा ३.५ अंक, समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्वमा २.५, वित्त व्यवस्थापनमा ३, तथ्यांक संकलन तथा व्यवस्थापनमा २.५ अंक गरी कूल २० अंकभारमा १३.५ अंक प्राप्त गरेको छ ।

*तालिका नं ५ : संस्थागत व्यवस्थापनमा प्राप्तांक विवरण*

| मुख्य शीर्षक | उप शीर्षक | पूर्णांक | प्राप्त अंक |
|---|---|---|---|
| **संस्थागत व्यवस्था** | १. कर्मचारी र पदाधिकारी प्रतिनिधित्व | ४ | २ |
| | २. कार्यप्रणाली समावेशी | ४ | ३.५ |
| | ३. समिति, उपसमिति र कार्यदल प्रतिनिधित्व | ४ | २.५ |
| | ४. वित्त व्यवस्थापन प्रणालीमा समावेशिता | ४ | ३ |
| | ५.तथ्याङ्क संकलन तथा व्यवस्थापन | ४ | २.५ |
| | **जम्मा** | **२०** | **१३.५** |

### मानव संसाधन तथा क्षमता विकास

मानव संसाधन तथा क्षमता विकासमा ४ वटा उपशीर्षकहरु रहेका छन् । पहिलो उपशीर्षकमा ८ अंकको अंकभारमा ५.५ अंक प्राप्त गरेको छ भने यसैगरी अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार विरुद्ध जनचेतना ४ अंकमा २.५, कानुनी साक्षरता ४ अंकमा २, विपद व्यवस्थापन ४ अंकमा २.५ प्राप्त गरेको छ । कुल २० अंक भारमा १२.५ अंक प्राप्त गरेको छ ।

*तालिका नं ६ : मानव संसाधन तथा क्षमता विकासमा प्राप्तांक विवरण*

| मुख्य शीर्षक | उप शीर्षक | पूर्णांक | प्राप्त अंक |
|---|---|---|---|
| **मानव संसाधन तथा क्षमता विकास** | १. मानव संसाधन तथा क्षमता विकास | ८ | ५.५ |
| | २. अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार विरुद्ध जनचेतना | ४ | २.५ |
| | ३. कानुनी साक्षरता | ४ | २ |
| | ४. विपद् व्यवस्थापन | ४ | २.५ |
| | **जम्मा** | **२०** | **१२.५** |

### सेवा प्रवाह

सेवा प्रवाह मुख्य शीर्षकका ५ वटा उपशीर्षकहरु रहेका छन् । प्रत्येक उपशीर्षकको अंकभार ४ रहेको छ । जसमध्ये पूर्वाधार विकासमा ४ मा २, प्रजनन् स्वास्थ्यमा ४ मा ३.५, शिक्षा कार्यक्रममा ४ मा ३.५, खानेपानी तथा सरसफाइमा

४ मा ३.५ र स्वरोजगार तथा आयआर्जन र बजार व्यवस्थापनमा ४ मा २ अंक प्राप्त गरेको छ। कुल २० अंकमा १४.५ अंक प्राप्त गरेको छ।

*तालिका नं ७ : सेवा प्रवाहमा प्राप्तांक विवरण*

| मुख्य शीर्षक | उप शीर्षक | पूर्णांक | प्राप्त अंक |
|---|---|---|---|
| **सेवा प्रवाह** | १. पूर्वाधार विकास | ४ | २ |
| | २. प्रजनन् स्वास्थ्य | ४ | ३.५ |
| | ३. शिक्षा कार्यक्रम | ४ | ३.५ |
| | ४. खानेपानी तथा सरसफाइ | ४ | ३.५ |
| | ५.स्वरोजगार तथा आयआर्जन र बजार व्यवस्थापन | ४ | २ |
| | **जम्मा** | **२०** | **१४.५** |

## सुशासन तथा उत्तरदायित्व

सुशासन तथा उत्तरदायित्व मूल शीर्षकमा ५ वटा उपशीर्षकहरु रहेका छन्। प्रत्येक उपशीर्षकको अंकभार ४ रहेको छ। यस अन्तर्गत सुशासनमा प्राप्त अंकभार ३, उत्तरदायित्व र जवाफदेहितामा २, सूचना तथा सञ्चारमा ३, अनुगमन तथा मूल्यांकनमा ४ र समन्वय र सम्बन्ध विस्तारमा ३.५ गरि कुल २० अंकभारमा १५.५ अंक प्राप्त गरेको छ।

*तालिका नं ८ : सुशासन तथा उत्तरदायित्वमा प्राप्तांक विवरण*

| मुख्य शीर्षक | उप शीर्षक | पूर्णांक | प्राप्त अंक |
|---|---|---|---|
| **सुशासन तथा उत्तरदायित्व** | १. सुशासन | ४ | ३ |
| | २. उत्तरदायित्व र जवाफदेहिता | ४ | २ |
| | ३. सुचना तथा सञ्चार | ४ | ३ |
| | ४. अनुगमन तथा मूल्यांकन | ४ | ४ |
| | ५.समन्वय र सम्बन्ध विस्तार | ४ | ३.५ |
| | **जम्मा** | **२०** | **१५.५** |

पाँचवटा मुख्य शीर्षकहरु मध्ये तुलनात्मक रुपमा सबै भन्दा बढी सेवा प्रवाह र सुशासन तथा उत्तरदायित्व विषयमा नगरपालिका अगाडी छ भने अन्यमा केही कमजोर देखिन्छ। जसलाई तलको स्तम्भ चार्टमा प्रस्तुत गरिएको छ।

**चित्र नं. ५ : नगरपालिकाले विषयगत प्राप्त अंकको विवरण**




२२ वटा उपशीर्षक मध्ये एउटा (अनुगमन तथा मूल्यांकन) बाहेक कुनैपनि उपशीर्षकहरुमा शतप्रतिशत अंक प्राप्त गर्न सकेको छैन भने सबै उपशीर्षकहरुमा ५० प्रतिशतभन्दा बढी अंक प्राप्त गर्न सफल भएको छ । यस २२ वटा उपशीर्षकहरुमध्ये ५ वटा (कार्यप्रणाली समावेशी, प्रजनन् स्वास्थ्य, शिक्षा कार्यक्रम, खानेपानी तथा सरसफाई र समन्वय र सम्वन्ध विस्तार) मा ८८ प्रतिशत अंक प्राप्त गर्न सकिएको छ । मुख्य सूचकका २२ वटा उपशीर्षकहरुको विस्तृत विवरण तलको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ ।

*चित्र नं. ६ : नगरपालिकाले उपक्षेत्रगत प्राप्त अंकको विवरण*



## खण्ड : ३

## विश्लेषण

### ८. लैससास परीक्षणको विश्लेषणका औजारहरू

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका लागि दिग्दर्शमा उल्लेख गरिएका प्रमुख ५ वटा मूल विषयवस्तु र ती विषय वस्तुका पनि थप उप विषयवस्तुका १०० सूचकहरुमा सहभागीहरुले उपलब्ध गराएको अंकका आधारमा प्राप्त गरेको अंकलाई विश्लेषण गरिएको थियो । ती सूचकहरुमा अंक प्रदान गर्दा सहभागीहरुले कस्तो अवस्थामा १ अंक दिने, कस्तो अवस्थामा ०.५ अंक दिने र कस्तो अवस्थामा ० अंक दिने भन्ने विषयमा सहभागीहरुलाई स्पष्ट हुने गरि सहजीकरण गरियो। लैङ्गिक परीक्षण पश्चात नतिजा मापन गर्नका लागि माकुरे जालो र स्तम्भ चित्र औजारहरु प्रयोग गरिएको छ। नगरपालिकामा लैङ्गिक तथा सामाजिक समावेशीकरणको सवल पक्षहरु, कमजोर पक्षहरु, नगरपालिकामा लैससास कार्यको लागि आउन सक्ने अवसरहरु र यसमा आइपर्ने सक्ने चुनौतीहरुको वारेमा ५ वटा मुख्य शीर्षकलाई आधार बनाई समूह विभाजन गरि विश्लेषण समेत गराईएको थियो। विश्लेषण गर्दा SWOT Analysis विधि प्रयोग गरिएको थियो।

### ९. तथ्यांकको तुलनात्मक अध्ययन तथा विश्लेषण

यस कमलामाई नगरपालिकाले विगतदेखि नै लैससास परीक्षण कार्य गर्दै आएको छ। गत बर्ष र यस बर्षको तुलनात्मक विश्लेषण गरिएको छ

**चित्र नं. ७: नगरपालिकाको जेड्सी अडिटमा अघिल्लो बर्ष र यस बर्षको तुलनात्मक विवरण**



## १०. मुख्य उपलब्धी

**लैससास परीक्षण विधिबाट देखिएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था:**
नगरपालिकाले लैससास परीक्षण गर्दा धेरै सूचकहरुमा काम गर्नुपर्ने देखिन्छ। कुल १०० सूचकहरुमध्ये ४१ वटा सूचकमा शतप्रतिशत अंकभार प्राप्त गरेको छ भने ६ वटामा भने कुनै पनि अंकभार प्राप्त गरेको छैनन् बाँकी सूचकहरु प्रगति उन्मुख रहेका छन्।

नगरपालिकाले नीति नियमहरु बनाएता पनि लैससासको सान्दर्भिक नीति, कानून आवश्यक्ता अनुसारको नहुनु, भएका नीति र कानूनको समीक्षा गर्ने परिपाटीको विकास नभएको हुँदा त्यसमा अंकभार कम हुन गएको छ। अन्य केही मुख्य शीर्षकहरुमा राम्रो अंकभार प्राप्त गरेको छ। अंक प्राप्त गर्ने सूचक संख्याहरुको विवरण तलको चार्टमा देखाईएको छ।

**चित्र नं. ८ : अंक प्राप्त गर्ने सूचक संख्याहरूको विवरण**



## १०.१ परीक्षण पश्चात प्रमुख सूचकहरूले प्राप्त गरेको अंकहरूको लेखाजोखा

**लैससास परीक्षणमा नगरपालिकाले प्राप्त गरेका मूख्य शीर्षकहरू र उपशीर्षकहरूको प्राप्ताङ्क सम्वन्धी विवरण :**

*तालिका नं १ : प्रमुख सूचकहरूले प्राप्त गरेको अंकहरूको विवरण*

| मूख्य विषय (सूचक) | क्रसं | उपविषय | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|---|
| नीति, कानुन र योजना | १ | नीति र कानुनमा समावेशिता, सहभागिता | ८ | ५ |
| | २ | योजना तर्जुमा तथा कार्यान्वयन | ८ | ४ |
| | ३ | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ | २.५ |
| | **जम्मा** | | **२०** | **११.५** |
| संस्थागत व्यवस्था | ४ | कर्मचारी र पदाधिकारी प्रतिनिधित्व | ४ | २ |
| | ५ | कार्यप्रणाली समावेशी | ४ | ३.५ |
| | ६ | समिति, उपसमिति र कार्यदल प्रतिनिधित्व | ४ | २.५ |
| | ७ | वित्त व्यवस्थापन प्रणालीमा समावेशिता | ४ | ३ |
| | ८ | तथ्याङ्क संकलन तथा व्यवस्थापन | ४ | २.५ |
| | **जम्मा** | | **२०** | **१३.५** |
| मानव संसाधन तथा क्षमता विकास | ९ | मानव संसाधन तथा क्षमता विकास | ८ | ५.५ |
| | १० | अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार विरुद्ध जनचेतना | ४ | २.५ |
| | ११ | कानुनी साक्षरता | ४ | २ |
| | १२ | विपद् व्यवस्थापन | ४ | २.५ |
| | **जम्मा** | | **२०** | **१२.५** |
| सेवा प्रवाह | १३ | पूर्वाधार विकास | ४ | २ |
| | १४ | प्रजनन् स्वास्थ्य | ४ | ३.५ |
| | १५ | शिक्षा कार्यक्रम | ४ | ३.५ |
| | १६ | खानेपानी तथा सरसफाइ | ४ | ३.५ |
| | १७ | पूर्वाधार विकास | ४ | २ |
| | **जम्मा** | | **२०** | **१४.५** |
| सुशासन तथा उत्तरदायित्व | १८ | सुशासन | ४ | ३ |
| | १९ | उत्तरदायित्व र जवाफदेहिता | ४ | २ |
| | २० | सुचना तथा सञ्चार | ४ | ३ |

| **मूख्य विषय (सूचक)** | **क्रसं** | **उपविषय** | **पूर्णाङ्क** | **प्राप्ताङ्क** |
|---|---|---|---|---|
| | २१ | *अनुगमन तथा मूल्यांकन* | ४ | ४ |
| | २२ | *समन्वय र सम्बन्ध विस्तार* | ४ | ३.५ |
| | ***जम्मा*** | | **२०** | **१५.५** |
| | ***कूल जम्मा*** | | **१००** | **६७.५** |
| | ***नतिजा : उत्तम*** | | | |

माथी उल्लेखित ५ वटा मूख्य विषयहरू र २२ वटै उपविषयहरूमा ५० प्रतिशतभन्दा वढी अंक प्राप्त गरेको छ। अन्य उपशीर्षकहरुको प्राप्ताङ्क औषतमा रहेको छ।

यसरी हेर्दा सर्वोत्तम, उत्तम, ठिकै र कमजोरमध्ये कमलामाई नगरपालिकाले हासिल गरेको स्वमूल्यांकनको कुल नतिजाका आधारमा ६० अंकभन्दामाथि र ८० अंकभन्दा तल रहेकोले यस नतिजालाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणमा उत्तमको स्तरमा लिईएको छ । प्राप्त सुझावहरुका आधारमा आगामी कार्ययोजनाबाट थप उपलब्धी हासिल गरि यस नगरपालिका सर्वोत्तमको तहमा जान सो अनुसारको योजना र कार्यान्वयनमा अग्रसर हुनुपर्ने देखिन्छ।

### १०.२ लैससास परीक्षणको नतिजाको माकुरे जालो

लैससास परीक्षण गरिएको पाँचवटा मूख्य शीर्षकहरूको नतिजालाई तल माकुरे जालोमा प्रस्तुत गरिएको छ। जसमा नीति कानुन र योजना र मानव संशाधन तथा क्षमता विकासमा कम र अन्यमा माकुरे जालो थोरै बढी फैलिएको छ।

**चित्र नं. ९ : मूख्य विषयगत प्राप्त अंकको माकुरे जालो**




यसैगरी २२ वटा उपशीर्षकलाई तलको माकुरे जालोमा प्रस्तुत गरिएको छ।

**चित्र नं. १० : उपसूचकगत प्राप्त अंकको माकुरे जालो**




साथै सम्पूर्ण सूचकगत कूल अंकभार र प्राप्ताङ्क सम्वन्धी विवरण अनुसूची ५ मा राखिएको छ ।

## ११. कमलामाई नगरपालिकामा लैंक समानता, अपांगता र सामाजिक समावेशीकरणका सवल पक्ष र सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौतीहरू

*मूल बिषय: १. नीति, कानून, योजना (अंकभार २०)* *आर्थिक वर्ष २०८१/०८२*

| सवल पक्षहरु | सुधार गर्नुपर्ने पक्ष | अवसर | चुनौती |
|---|---|---|---|
| • लैससास सम्बन्धित बिभिन्न नीति तथा कानुनहरु रहेको छ । जस्तैः लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७९ रहेको छ । त्यस्तै, लैङ्गिक हिंसामुक्त नीति तथा कार्ययोजना २०७६, लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि २०७७, बालअधिकार संरक्षण तथा प्रवर्धन कार्यविधि २०८०, बालक्लव गठन तथा संचालन कार्यबिधि २०८०, नगर युवा स्वरोजगार कार्यबिधि २०७८, आपतकालीन बालउध्दार (स्थापना तथा संचालन) कार्यबिधि २०७७, जेष्ठ नागरिकलाई नयाँ दात राख्ने सम्बन्धी कार्यबिधि २०७८ | • लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति (जेसी पोलिसी) नरहेकोले निर्माण गरिनुपर्ने ।<br>• लैङ्गिक सवाललाई नीति र रणनीतिका आधारमा सवै शाखाले अपनत्व लिई प्रभावकारी रुपमा कार्यान्वयनमा लैजानुपर्ने ।<br>• लैङ्गिक सम्पर्क व्यक्तिको लिखित कार्यशर्त र जिम्मेवारी दस्तावेजीकरण गरिनुपर्ने ।<br>• लैङ्गिक हिंसा बिरूद्धको शुन्यशहनशिलतालाई अवलम्बन गरि दस्तावेजीकरण गरिनुपर्ने । आचारसंहिता निर्माण गरिनुपर्ने ।<br>• अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, एकल महिला, यौनिक तथा अल्पसंख्यक र लक्षित समुदायको सवालमा कार्यविधि तथा | • नगरपालिकाले आवश्यक नीति, रणनीति र कानुन निर्माण गर्ने तत्परता लिएको छ ।<br>• बनेका कानुनहरुको कार्यान्वयन गर्न सकिन्छ ।<br>• सुधार गर्नुपर्ने पक्षमा देखिएका कानुन निर्माणका लागि योजना बनाउन सकिने छ ।<br>• स्थानीयस्तरमा दक्ष जनशक्ति, परामर्शदाता र बिज्ञको उपलब्धता छ ।<br>• कुरीतिजन्य कार्यहरु न्यूनिकरण एवं अन्त्य गर्ने सवै पक्षको चाहना रहेको छ ।<br>• बिभिन्न अन्तराष्ट्रिय र राष्ट्रियस्तरका गैरसरकारी संस्थाहरुसंग समन्वय र सहकार्य राम्रो देखिन्छ । | • कतिपय कानून, नीति, रणनीति आदि निर्माण गर्न आश्यक भएता पनि बजेट बिनियोजना नहुनु ।<br>• लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सवालमा महिला शाखालाई मात्र जोडेर हेर्ने गरिनु ।<br>• लैससास रणनीति र कार्यबिधि जस्ता बनेका कानुनहरुको प्रभावकारी कार्यान्वयन हुन नसक्ने चुनौती देखिन्छ ।<br>• संघीय सरकार, प्रादेशिक सरकारबाट समय समयमा हुने नीति, कार्यबिधि, |

| सवल पक्षहरु | सुधार गर्नुपर्ने पक्ष | अवसर | चुनौती |
|---|---|---|---|
| लगायतका नीतिगत दस्तावेजहरु रहेका छन् ।<br>• आव २०८०/०८१ को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण (जेसी अडिट) सम्पन्न भई प्रतिबेदन रहेको छ ।<br>• लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण (जेसी अडिट) कार्यान्वनय समन्वय समिति गठन भएको छ ।<br>• लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका लागि कार्यदल गठन भएको छ । | निर्देशिका निर्माण गरी कार्यान्वयन गरिनुपर्ने ।<br>• अन्य बिभिन्न नीति र कानुनमा लैंससास सम्बन्धित सवालहरु संयोजन गर्नुपर्ने ।<br>• ति र कानुनमा समाबेशिताको सिध्दान्त र संघीय एवं प्रादेशिक नीति र कानुनी प्रावधानका मूल मर्मलाई समेटिनुपर्ने । जस्तैः महिलाको ३३ प्रतिशत आरक्षणको सुनिश्चितता, भवन निर्माणको अनुमति दिनुपूर्व अपाङ्गतामैत्री, जेष्ठ नागरिकमैत्री हुनुपर्ने सुनिश्चितता गरिनुपर्ने ।<br>• खण्डिकृत तथ्यांक हुनुपर्ने । | • सघीय सरकार र प्रदेश सरकारबाट समन्वय र सहकार्यका आधारमा अधिकतम सहयोग हासिल हुन सक्दछ ।<br>• बालमैत्री स्थानीय शासन कार्यान्वयन र बालविवाह अन्त्यका लागि रणनीतिक योजना तथा कार्यबिधिहरु निर्माण गर्न सकिने अवस्था रहेको छ ।<br>• करार जनशक्ति व्यवस्थापनमा लैंससासको आधारमा सहभागिता सुनिश्चित हुनेगरि व्यवस्थापन गर्न सकिने अवस्था रहेको छ । | कानुन, योजनाको बारेमा अपडेट नहुनु ।<br>• जनप्रतिनिधि र कर्मचारीहरुलाई कानुनी प्रावधान, कार्यबिधि र निर्देशिकाहरुबारे अनुशिक्षण नहुनु ।<br>• योजना र कार्यक्रमसंग बजेट अनुकुल नहुनु ।<br>• |

*मूल बिषयः २. संस्थागत बिकास (अंकभार २०)* *आर्थिक वर्ष २०८१/०८२*

| सवल पक्षहरु | सुधार गर्नुपर्ने पक्ष | अवसर | चुनौती |
|---|---|---|---|
| • लैससास सम्बन्धी प्राय कार्यक्रमहरुमा कर्मचारी र पदाधिकारीहरुको सहभागिता हुने गरेको ।<br>• कानुनले तोकेको समिति निर्माण भएको र आबश्यक्ता अनुसार बैठक हुने गरेको छ ।<br>• दाधिकारीहरु सकृय छन् ।<br>• नगरपालिकाको अधिकांश कार्य प्रणालीमा समावेशी नीति अनुरुप हुने गरेको छ ।<br>• बजेट निर्माणमा सबै पक्षको सहभागिता छ ।<br>• नगरको नीति बनाउन सहयोग हुने गरेको छ ।<br>• महिला बालबालिका र जेष्ठ नागरिक शाखामा आवश्यक्ता अनुसारका कर्मचारी जनशक्तिको व्यवस्थापन हुनु । | • बिभिन्न समिति उपसमितिहरुलाई समाबेशिताका आधारमा पूर्णता दिनुपर्ने ।<br>• नागरिकहरुमा लैससास बारे सचेतना अभिबृध्दि हुने खालका कार्यक्रमहरु निर्माण गरि कार्यान्वयन गरिनुपर्ने ।<br>• लैससासमैत्री योजना निर्माण र बजेट बिनियोजन गरि कार्यान्वनयमा जोड दिनुपर्ने ।<br>• खण्डिकृत तथ्यांक नभएकोले अपडेट गर्नुपर्ने ।<br>• भएका तथ्यांकहरु सार्वजनिकीकरण गर्नुपर्ने ।<br>• हरेक संस्थागत क्षेत्रमा लैससास अनुरुप प्रतिनिधित्व सुनिश्चित गर्नका लागि नीति र कार्यबिधि बनाउनुपर्ने ।<br>• महिला, बालबालिका र अपेक्षित समुदायलाई लक्षित गरी बढी कार्यक्रम बनाउनु पर्ने देखिन्छ । | • सबै जनप्रतिनिधि र कर्मचारीलाई संस्थागत र बिषयगत क्षेत्रका कार्यपद्दतीका बारेमा जानकारी गराउन सकिने ।<br>• कार्यक्रमहरुमा हुने सहभागितामा लैङ्गिक र सामाजिक समावेशीकरणको सुनिश्चितता गरेर सहभागीहरु राख्न सकिने ।<br>• पालिकामा गठन हुने समिति उपसमितिहरु समाबेशी हुनेगरि निर्माण गर्न सकिने ।<br>• तथ्यांक संकलनका लागि बजेट र जनशक्तिको व्यवस्थापन गर्न सकिने ।<br>• प्रभावकारी लैङ्गिक उत्तरदायी बजेट व्यवस्थापन गर्न सकिने ।<br>• लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण परीक्षण कार्य दीग्दर्शन अनुसार समयमै सम्पन्न गर्न सकिने अवस्था रहेको छ । | • लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरणको सवाललाई योजना र कार्यक्रममा कम महत्वमा राखेर पन्छाईने ।<br>• जनशक्तिमा आरक्षण र समानुपातिक प्रणालीको लागि नीतिगत अभावले राजनीतिक हस्तक्षेप र प्रभावका कारण जनशक्ति पूर्ण समावेशी हुन नसक्नु ।<br>• लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण अन्तर्गत लक्षित समुदायको क्षमता बिकासमा प्रर्याप्त योजना र कार्यक्रम नपारिनु, यि वर्गका लागि निश्चित प्रतिशत रकम नछुट्याईनु । |

| सवल पक्षहरु | सुधार गर्नुपर्ने पक्ष | अवसर | चुनौती |
|---|---|---|---|
| • लैङ्गिक रुपले महिला र सामाजिक समावेशीकरणमा जनजाति समुदायका कर्मचारीहरुको पनि समाबेशिता रहेको ।<br>• समाबेशी रुपले कर्मचारी भर्ना गर्ने गरिएको ।<br>• लैङ्गिक फोकल पर्सन तोकिएको ।<br>• बिषयगत शाखाहरु समाबेशी दक्ष जनशक्ति रहेको ।<br>• अनौपचारिक मूल्य मान्यता र हानिकारक परम्परागत मूल्य मान्यता हटाउने प्रकृतिका कार्यक्रमहरु संचालन हुने गरेको ।<br>• कानुनी सचेतना सम्बन्धी जानकारीमूलक कार्यक्रम गरेको ।<br>• समय समयमा जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता बिकास सम्बन्धी तालिम अभिमुखीकरण हुने गरेको । | • सबै कर्मचारी र जनप्रतिनिधिहरुलाई लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धी क्षमता बिकास कार्यक्रम गरिनु पर्ने ।<br>• रोजगार सम्बन्धी नीति बनाई लैससासमैत्री रोजगार सुनिश्चत गर्नुपर्ने ।<br>• अन्य आवश्यक कानुन निर्माण गरिनु पर्ने ।<br>• सार्वजनिक सूचनामा सबैको पहुँच हुने गरि कार्य गरिनुपर्ने ।<br>• बिपद व्यवस्थापन समितिका पदाधिकारी र कर्मचारीहरुलाई लैससास संबेदनशीलताको बिषयमा क्षमता बिकास तालिम दिई दक्षता अभिबृध्दि गरिनु पर्ने ।<br>• संघ र प्रदेशबाट हुने संसोधित कानुनहरुका बारेमा जनप्रतिनिधि र कर्मचारीहरुलाई कानुन सम्बन्धी अनुशिक्षण तालिम आदि समय समयमा संचालन गरि अपडेट गरिनुपर्ने । | • क्षमता बिकास सम्बन्धी तालिम, अभिमुखीकरण, अवलोकन भ्रमण लगायत बिभिन्न कार्यक्रम गर्न सकिने ।<br>• रोजगार सम्बन्धी नीति बनाउनका लागि जनशक्ति र बजेट रहेको ।<br>• अनौपचारिक मूल्यमान्यता र हानिकारक अभ्यासमा सुधार ल्याउने गरि योजना र कार्यक्रम संचालन गर्न सकिने अवसर पालिकामा रहेको ।<br>• बिभिन्न संघसंस्था र अन्य सरोकारवालाहरुसंग समन्वय र सहकार्य गरि कानुनी साक्षारता सम्बन्धी कार्यक्रमहरु संचालन गर्ने अवसर रहेको छ ।<br>• बिपद व्यवस्थापन समिति समावेशी रुपमा गठन भएको छ । | • सबै जनप्रतिनिधि र कर्मचारीहरुमा लैससासका नीति, कानुनी दस्तावेज सम्बन्धमा समान बुझाइ नहुँदा लक्षित समुदायलाई फाईदा हुने कार्यक्रमहरु प्राथमिकताबाट हटनु ।<br>• मानव संसाधन तथा क्षमता बिकासका कार्यक्रमहरुलाई आन्तरिक श्रोत अन्तर्गतको बजेटमा राखिदा उक्त योजनाका कार्यक्रमहरु संचालन हुने वा कार्यान्वयन हुने अवस्था न्यून रहने एक चुनौती रहेको छ ।<br>• लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरणलाई प्राथिमिकतामा राखिनु पर्ने प्रावधान रहेता पनि नराख्दा के हुन्छ र भनि कम महत्वमा हेरिने गर्नु । |

| सवल पक्षहरु | सुधार गर्नुपर्ने पक्ष | अवसर | चुनौती |
|---|---|---|---|
| • नगरपालिकाद्वारा निर्माण हुने भवनहरु लैससासमैत्री (लैङ्गिक मैत्री, अपाङ्गतामैत्री, जेष्ठ नागरिक मैत्री, बालमैत्री आदि) रुपमा निर्माण गर्न भवन संहिता बनाईनु ।<br>• कार्यालयमा स्तनपान कक्षको सुबिधा रहेको छ ।<br>• बर्थिंग सेन्टर महिलामैत्री र अपाङ्गमैत्री रहेको छ ।<br>• खानेपानी सरसफाई सम्बन्धी कार्यबिधि र सो अनुसारको समिति रहेको ।<br>• महिला, दलित, जनजाति र लक्षित समुदायको स्वरोजगार अभिबृध्दि गर्न सिपमूलक तालिमहरु संचालन गरिएको ।<br>• बालमैत्री बिद्यालय कार्यान्वयनमा रहेको छ । | • नगरपालिकाका सेवा प्रदायक निकायका अधिकांश कार्यालय भवनसंहिता नीति अनुसार लैससासमैत्री नहुनु ।<br>• जेष्ठनागरिकको लागि सहज हुने गरि आश्रयस्थल वा जेष्ठनागरिक दिवासेवा केन्द्र नहुनु ।<br>• बालमैत्री संरचनामा सबै विद्यालय (शौचालय, पिउने पानीको धारा, बस्ने ठाउँहरु आदि) नहुनु ।<br>• बालमैत्री स्थानीय शासन सम्बन्धी नीति, कानुन र कार्यबिधि नहुनु ।<br>• जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सुनिश्चित हुने गरि कानुन वा कार्यबिधि र संयन्त्र निर्माण नहुनु ।<br>• स्वरोजगार सृजना गरि उत्पादन हुने सामग्री बिक्री बितरणको सुनिश्चितता गर्नको लागि स्थानीय बजार प्रवर्द्धन हुन नसक्नु । | • निर्माण हुने भवनहरुको स्वीकृतीपूर्व लैङ्गिक मैत्री, बालमैत्री र अपांगमैत्री एवं जेष्ठनागरिकमैत्री बनाउनुपर्ने गरि कानुनी प्राबधान अबलम्बन गर्न सकिन्छ ।<br>• बजारीकरण र उचित बजार व्यवस्थापनका लागि उचित योजना बनाउन सकिन्छ ।<br>• श्रोत र साधनको व्यवस्थापन गर्न सकिने अबस्था रहेको छ ।<br>• नगरपालिकाभित्रका बेरोजगार व्यक्तिहरुको तथ्यांक संकलन गरि बेरोजगार व्यक्तिलाई लक्षित गरेर बिभिन्न सिपमूलक र रोजगारमूलक कार्यक्रमहरु संचालन गर्न सकिन्छ । | • पहिला निर्माण सम्पन्न भईसकेका भवनहरुलाई लैससासमैत्री बनाउन आर्थिक खर्च र कार्यान्वनयमा चुनौती रहनु ।<br>• नगरपालिकाका सवै सेवा प्रदायक निकाय र लैससाससंग सम्बन्धित सरोकारवाल निकायहरु (जस्तैः बैंक, अस्पताल, प्रहरी कार्यालय, प्रशासनिक निकाय, अदालत, बिभिन्न सेवा दिने निकाय) ले सेवाग्राहीलाई लक्षित गरि महिला पुरुष अलग अलग शौचालय, स्तनपान कक्ष, जेष्ठ नागरिक वा गर्भवती महिलाहरुका लागि आराम गर्ने छुट्टै स्थान, बनाउन नचाहनु । |

| सवल पक्षहरु | सुधार गर्नुपर्ने पक्ष | अवसर | चुनौती |
| --- | --- | --- | --- |
| | | | • शाखाको लैससास सम्बन्धित बजेट अन्यत्र रकमान्तर लक्ष र योजना अनुसार क्षमता अभिबृद्धि र जनचेतनाका कार्यक्रमहरु संचालन गर्न चुनौती रहेको। |

*मूल बिषयः ५. सुशासन तथा उत्तरदायित्व (अंकभार २०)* *आर्थिक वर्ष २०८१/०८२*

| सवल पक्षहरु | सुधार गर्नुपर्ने पक्ष | अवसर | चुनौती |
| --- | --- | --- | --- |
| • नगरपालिकामा सुशासन समिति गठन भएको छ।<br>• नगरपालिकाले नियमित रुपमा कार्यक्रमको सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई जस्ता कार्यक्रमहरु हुने गरेको छ।<br>• नगरपालिकाबाट सवै सूचनाहरु अनलाईन मार्फत वा वेवसाइट मार्फत सार्वजनिक हुने गरेको छ।<br>• सूचना अधिकारीको व्यवस्था गरिएको छ। | • बिषय बिज्ञ र बिज्ञ परामर्शकर्तामार्फत समय समयमा सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतीका बारेमा छलफल र सहजीकरण गर्न सकिने भएता पनि नभएको।<br>• समिति र उपसमिति एवं शाखालाई लिखित अख्तियारी सहित जिम्मेवारी नहुनु।<br>• समुदायसम्म सूचनामा पहुँचका लागि वडा समिति र समितिको कार्यालय मार्फत टोलस्तरमा सूचना बोर्ड नहुनु।<br>• आयोजनाको अनुगमनबाट आएका नतिजाको आधारमा आगामी योजना तय नहुनु। | • सुशासन समिति उत्तरदायी र जवाफदेही भई सुशासनका सवालमा जिम्मेवारी वहन गर्न सक्ने क्षमता राख्दछ।<br>• डिजिटल सेवाको अधिकतम प्रयोगबाट नागरकिलाई सूचनाको पहुँच अभिबृध्दि गराउन सकिन्छ।<br>• अनगुमन र मूल्यांकनको नतिजाबाट आएका सुझावहरुलाई कार्ययोजना बनाई कार्यान्वनय गर्न सक्दछ।<br>• नगरपालिकाका शाखाहरुवीच लैससासको उद्देश्य हासिल गर्न | • योजना तर्जुमाको चरण अनुसार समुदाय र बस्तीस्तरबाटै महिलाऽ दलित तथा लक्षित समुदायको आबश्यक्ता पहिचान गरि योजना छनौट गर्नुपर्ने भए तापनि समुदाय र बस्तीस्तरबाट लक्षित समुदायका योजना आउन नसक्नु।<br>• आयोजनाको अनुगमनबाट आएका नतिजालाई सम्बन्धित सरोकारवालासमक्ष समेत |

| सवल पक्षहरु | सुधार गर्नुपर्ने पक्ष | अवसर | चुनौती |
|---|---|---|---|
| • शाखा प्रमुखहरुले आफ्नो पदिय भूमिका अनुसार उत्तरदायित्व निर्वाह गरेका छन् ।<br>• आयोजनाहरु सम्पन्न भईसकेपछि अनुगमन समिति मार्फत योजनाको अनुगमन तथा मूल्यांकन हुने गरेको छ ।<br>• खर्च योजनाहरु पारदर्शि हुने गरेको छ । | • लैससासको सन्दर्भमा स्थानीय तहको सवै शाखाहरुवीच प्रभावकारी समन्वय र सहकार्य हुने अवस्था कमजोर देखिनु ।<br>• वडातहसम्म र नगरपालिकाको अन्य बिभिन्न सरोकारवाला निकाय आदि सबै ठाउँमा नागरिक वडापत्र नहुनु । | प्रभावकारी समन्वय र सहकार्य गर्न सकिने अवस्था छ । | पृष्ठपोषण दिई कार्यान्वयन गरिनु पर्ने । |

## १२. लैससासको कार्ययोजना

यस कमलामाई नगरपालिकाबाट संचालन भएको लैससास परीक्षणको क्रममा देखिएका कमजोर र चुनौतिका पक्षलाई व्यवस्थापन गर्नका लागि तल तालिकामा उल्लेख गरिएको कार्ययोजना सहभागितात्मक रूपमा नगरपालिकाले तयार गरेको छ।

**कमलामाई नगरपालिका**
**सिन्धुली, बागमति प्रदेश**

**लैंङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण विकास कार्ययोजना**

**आर्थिक वर्ष २०८२/०८३**

### १. मूल शीर्षक: नीति कानुन र योजना

| मूल शीर्षक | | अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | समयावधि | थप दायित्व पर्ने / नपर्ने | |
|---|---|---|---|---|---|---|---|---|
| पूर्णाङ्क | प्राप्ताङ्क | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने | नपर्ने |
| नीति कानुन र योजना २० | | लैससासमैत्री नीति, कानून, योजनाको लागि भएका कानुनको समीक्षा तथा पूनरावलोकन | महिला बालबालिका तथा समाज कल्याण शाखा | प्रमुख प्रशासकीय अधिकृत | महिला बालबालिका तथा समाज कल्याण शाखा | २०८२ असार मसान्तभित्र | १,००,००० | |
| | | लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण नीति (GEDSI Policy) | महिला बालबालिका तथा समाज कल्याण शाखा | कार्यपालिका | महिला बालबालिका तथा समाज कल्याण शाखा | २०८२ असार मसान्तभित्र | २,००,००० | |
| | | लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण परीक्षण (GEDSI Audit) | महिला बालबालिका तथा समाज कल्याण शाखा | कार्यपालिका / प्रमुख प्रशासकीय अधिकृत | महिला बालबालिका तथा समाज कल्याण शाखा | २०८३ पुष मसान्तभित्र | २,५०,००० | |

| मूल शीर्षक | | अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | समयावधि | थप दायित्व पर्ने/ नपर्ने | |
|---|---|---|---|---|---|---|---|---|
| पूर्णाङ्क | प्राप्ताङ्क | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने | नपर्ने |
| | | महिला तथा वञ्चितीमा परेको समुदाय माथि हुने विभेद उपर सुनुवाई हुने बिश्वसनीयताका लागि जनचेतनामूलक कार्यक्रम र गुनासो संयन्त्र निर्माण | लैससास सम्पर्क व्यक्ति/सामाजिक विकास शाखा | प्रमुख प्रशासकीय अधिकृत | सामाजिक विकास शाखा/प्रशासन शाखा | २०८२ असार मसान्तभित्र | ५०,००० | |
| | | श्रमिक तथा आप्रवासी कामदारको समान ज्यालाको लागि कार्यबिधि वा निर्देशिका निर्माण वा श्रम नीति निर्माण | रोजगार संयोजक | कार्यपालिका / प्रमुख प्रशासकीय अधिकृत | रोजगार शाखा | २०८३ पुष मसान्तभित्र | ५०,००० | |
| | | महिला, बालबालबालिका तथा लक्षित समुदायका लागि कुल पूँजीगत बजेटको निश्चित बजेट कार्यक्रमका लागि छलफल | महिला बालबालिका तथा समाज कल्याण शाखा | बिषयगत शाखा / प्रमुख प्रशासकीय अधिकृत र का.पा. | योजना शाखा | २०८३ पुष मसान्तभित्र | ५०,००० | |
| | | दिगो विकासका लक्ष्यहरू विशेष गरेर लक्ष्य ५ अन्तर्गत लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गर्ने | लैससास सम्पर्क व्यक्ति | प्रमुख प्रशासकीय अधिकृत | आर्थिक विकास शाखा | २०८२ असार मसान्तभित्र | ५०,००० | |
| | | | | | | | | |

## २. मूल शीर्षक: संस्थागत बिकास

